**कार्यपालिका बैठक सख्या- ८** **मितिः- २०८०।११।१०**

**प्रस्ताव तथा निर्णयहरु**

**प्रस्ताव नं.१-** आ.व.२०७९।०८० को म.ले.प. प्रतिवेदन सम्बन्धमा।

**निर्णय नं.**१- आ.व.२०७९।०८० को म.ले.प. प्रदेवेदनमा औल्याइएका सैद्धान्तिक विषयहरु कार्यान्वयनका लागि कार्यपालिका तथा गाउँसभाले आवश्यक पहल लिने तथा अन्य विषयमा सम्बन्धित शाखाले प्रमाण जुटाउने र नियमित गर्न कागजात तयार गर्ने तथा असुल उपर गर्ने विषयको बेरुजुका लागि लेखा परिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली समितिले प्रतिवेदन पेश गरी बेरुजु घटाउन आवश्यक कदम चाल्ने निर्णय गरियो।

**प्रस्ताव नं.२-** योजना माग सम्बन्धमा।

**निर्णय नं.२-** लुम्बिनी प्रदेश योजना आयोगको सचिवालय,राप्ति उपत्यका (देउखुरी) नेपालबाट मिति २०८०।११।०८ मा प्रकाशित विशेष अनुदानतर्फका आयोजना प्रस्ताव गर्ने सम्बन्धि सूचाना अनुसार **विशेष अनुदान मार्फत शिक्षा र स्वास्थ्य सेवाको समृद्धिको लागि व्यवस्थापकीय तथा प्राविधिक सहयोग कार्यक्रमका लागि रु.** ५०,००,०००।– (अक्षरेपि पचास लाख मात्र) बराबरको आयोजना प्रस्ताव तयार गरी लुम्बिनी प्रदेश योजना आयोगको सचिवालयमा प्रस्ताव गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.३ –** नव प्रवर्धन साझेदारी कार्यक्रम सम्बन्धमा।

**निर्णय नं.३** लुम्बिनी प्रदेश सरकार मुख्यमन्त्री तथा मुख्यमन्त्रीको कार्यालयमा यस विजयनगर गाउँपालिकाले कुखुरा (बोइलर/लोकल) तथा बाख्रा पालन मार्फत जिवनस्तरमा सुधार कार्यक्रमका लागि प्रस्तावना पेश गर्ने जसमा ३० प्रतिशत गाउँपालिकाको तर्फबाट लागत साझेदारी गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.४-** मुद्दामा कार्यालयको प्रतिनिधि तोक्ने सम्बन्धमा।

**निर्णय नं.४-** यस विजयनगर गाउँपालिका निवेदक भई वा प्रत्यार्थी भई जिल्ला अदालत,उच्च अदालत वा सर्वोच्च अदालतमा निवेदन फिराद लिखित जवाफ समेत जे जोसो गर्नु पर्ने हो सो को लागि यस गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगरले प्रतिनिधित्व गर्ने निर्णय गरियो।

**प्रस्ताव नं.५-** क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धमा।

**निर्णय नं.५-** यस गाउँपालिकाको नवप्रवर्धन साझेदारी कार्यक्रमबाट वितरण गरिएको अगेती जातको काउलिमा फुल नालागेका कारण विजयनगर गाउँपालिका वडा नं.५,डालपुरका कृषक चन्द्रभान कोरीको करिब रु.१,०८,६५०।– (एक लाख आठ हजार छ सय पचास रुपैया) क्षति भएकाले क्षतिपूर्ति पाउँ भनि यस कार्यालयमा निवेदन पर्न आएको र यस गाउँपालिकाको कृषि विकास शाखाको अनुगमन प्रतिवेदनका आधारमा क्षतिपूर्ती स्वरुप रु.५०,०००।– (पचास हजार रुपैया) मात्र विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने निर्णय गरीयो।

**प्रस्ताव नं.६-** नदी जन्य पदार्थको परिमाण उत्खनन् अवधी तथा दररेट स्वीकृत गर्ने सम्बन्धमा।

**निर्णय नं.**६- गाउँपालिकाले यस आ.व. ०८०।०८१ मा दुई पटक सम्म ठेक्का सूचना गर्दा समेत बोलपत्र नपरेका नदीहरुमा रहेको नदीजन्य पदार्थ ढुङ्गा,गिट्टी,बालुवा संकलन गरी गाउँपालिका,प्रदेश तथा संघिय सरकार अन्तरगत संचालित आयोजनाहरुलाई समान्य नदीजन्य पदार्थ अभाव हुन नदिई विकास निर्माण कार्यलाई सुचारु गर्न प्रथम पटक प्रकाशित सूचनामा उल्लेख भएको उत्खनन् परिमाण तथा संकलन अवधि कायमै राखी ब्यवसायी संग सम्झौता गर्न सम्भव नदेखिएकोले IEE प्रतिवेदनमा उल्लेख भएको दैनिक उत्खनन् परिमाण र उत्खनन् संकलन गर्न सक्ने बाकी अवधीलाई आधार मानी जंगल क्षेत्र नपर्ने निम्न खोलाहरुबाट

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुहिरिया, कपिलवस्तु
लुम्बिनी प्रदेश

**कार्यपालिका बैठक सख्या- ८** मितिः- २०८०।११।१०

देहाए बमोजिमको परिमाण र न्यूनतम दररेटका आधारमा विक्री मूल्यमा नघटने गरी ईच्छुक ब्यक्ती वा ब्यवसायी संग अमानत वा सम्झौता गरी बिक्री वितरण गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि. नं. | खोलाको नाम | उत्खनन् अवधि बढिमा | न्यूनतम परिमाण क्यू.मि. | न्यूनतम दर | भ्याट बाहेक बिक्री मूल्य |
|---|---|---|---|---|---|
| १ | चिरई खोला "क" | ११५ दिन | ६८०४ | ८।०० प्रति घन फिट | १९,२२,२६७। |
| २ | चिरई खोला "ख" | ११५ दिन | ८०४३ | ८।०० प्रति घन फिट | २२,७२,३०९। |

**प्रस्ताव नं ७- विविध सम्बन्धमा ।**

**निर्णय नं.७:**-निम्न संस्था/समिति/योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**तपसिलः-**

| क्र. सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गौरिघट लोक सांस्कृतिक पर्यटन तथा खेलकुद मेला व्यवस्थापन समिति | विजयनगर-१, भगिरामपुर | आठौ गौरीघट लोक सांस्कृतिक पर्यटन तथा खेलकुद मेला-२०८० आयोजनार्थ | रु. २,००,०००।– (दुई लाख रुपैया मात्र) | चाडपर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण | |
| २ | भूमि अधिकार तथा श्रमिक संगठन, नेपाल | जिल्ला कर्यसमिति कपिलवस्तु | प्रदेश वन तथा संघिय वन ऐन सम्बन्धि अन्तरकृया कार्यक्रम आयोजनार्थ | रु. २०,०००।– (बिस हजार रुपैया मात्र) | | |
| ३ | श्री राम जानकी एंव शिव मन्दिर व्यवस्थापन समिति | विजयनगर-३, जगदिशपुर | भाडाँ खरिद बापत | रु. २०,०००।– (बिस हजार रुपैया मात्र) | | |
| ४ | कपिलवस्तु बहिरा संघ | तौलिहवा कपिलवस्तु | सांकेतिक भाषा तालिम आयोजनार्थ | रु. १,००,०००।– (एक लाख रुपैया मात्र रुपैया) | विभिन्न सिप विकास तथा क्षमता विकास मुलक तालिम कार्यक्रम | |
| ५ | अध्यक्ष कप प्रतियोगिता कार्यक्रम | विजयनगर गाउँपालिका | विभिन्न खेलकुद प्रतियोगिता आयोजनार्थ | रु. ३,००,०००।– (तिन लाख रुपैया मात्र रुपैया) | मागमा आधारित साना पुर्वाधार कार्यक्रम | |
| ६ | शान्ति पुनर्स्थापना गृह | कपिलवस्तु | मानव बेचबिखन तथा ओसारपसार र लैङ्गिक हिसाँ विरुद्ध सचेतना कार्यक्रम | रु. १,००,०००।– (एक लाख रुपैया मात्र रुपैया) | | |
| ७ | प्रदेश खेलकुद परिषद् लुम्बिनी कपिलवस्तु जिल्ला खेलकुद | तौलिहवा, कपिलवस्तु | १४ औ जल्लिा स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता आयोजनार्थ | रु. ५०,०००।– (पचास हजार मात्र) | खेलकुद सहयोग कार्यक्रम | |

शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

गोपाल बहादुर थापा
अध्यक्ष
विजयनगर गाउँपालिका

विजयनगर गाउँपालिका गाउँपालिकाको कार्यालय ...रिया, कपिलवस्तु लुम्बिनी प्रदेश

आ.व.२०८०।०८१